# प्रदेश लोक सेवा आयोग

## प्रशासन, दरखास्त व्यवस्थापन तथा प्रकाशन शाखा

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

## कर्णाली प्रदेश निजामती सेवा अन्तर्गत सातौँ तहका विभिन्न सेवा समूह र उपसमूहका अप्राविधिक/प्राविधिक पदहरूको

## ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा हुने सम्बन्धी सूचना

**सूचना नं.**– १५३।२०८०।८१ **प्रकाशन मिति** :– २०८०।१०।०२

आयोगको सूचना नं. ३७।२०७९–८० मिति २०७९।०६।२५ मा प्रकाशित सूचना अनुसार बढुवाका लागि छुट्याइएका तपसिलका पदमा ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३२ बमोजिम ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारण भएको दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८०।११।०८ गते सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट https://ppsc.karnali.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेस गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइसक्नुपर्नेछ। प्राप्त हुन आएका दरखास्त फारामहरूलाई आयोगले बढुवा सूचना नम्बर अनुसार एकमुष्ठ रूपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिनेछैन।

### उम्मेदवारहरूले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरू :

१. कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३० बमोजिम बढुवाका लागि अयोग्य नभएको हुनुपर्ने।
२. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश कर्मचारी अभिलेखालयबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने।
३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नुपर्ने।
४. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनुपर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनका लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन पेस गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेस गर्नुपर्ने।
५. कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३२ (१) (ग) बमोजिमको तालिमको प्रमाणपत्र पेस गर्नुपर्ने।
६. न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २९ बमोजिम हुनुपर्ने।
७. बढुवा सम्बन्धी अन्य व्यवस्था कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० बमोजिम हुने।

**दरखास्त र दरखास्त दस्तुर बुझाउने स्थान** : प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश, सुर्खेत।

**दरखास्त दस्तुर** : रु. १,२००।– (एक हजार दुई सय रुपियाँ)।

**विवरण**

| क्र.सं. | बढुवा सूचना नं. | पद | सेवा, समूह र उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|---|
| १ | ०१।०८०–८१ | तथ्याङ्क अधिकृत | आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | १ |
| २ | ०२।०८०–८१ | इन्जिनियर | इन्जिनियरिङ, सिभिल,जनरल | ३ |
| ३ | ०३।०८०–८१ | इन्जिनियर | इन्जिनियरिङ, सिभिल, इरिगेसन | १ |
| ४ | ०४।०८०–८१ | इन्जिनियर | इन्जिनियरिङ, सिभिल, स्यानिटरी | १ |
| ५ | ०५।०८०–८१ | इन्जिनियर | इन्जिनियरिङ, सिभिल, बी. एन्ड आर्क. | १ |
| ६ | ०६।०८०–८१ | कृषि प्रसार अधिकृत | कृषि, कृषि प्रसार | २ |
| ७ | ०७।०८०–८१ | बाली संरक्षण अधिकृत | कृषि, बाली संरक्षण | २ |
| ८ | ०८।०८०–८१ | बागवानी विकास अधिकृत | कृषि, बागवानी | ४ |
| ९ | ०९।०८०–८१ | बाली विकास अधिकृत | कृषि, बाली विकास | २ |
| १० | १०।०८०–८१ | कृषि अर्थ विज्ञ | कृषि, एग्री. इको एन्ड मार्केटिङ | १ |
| ११ | ११।०८०–८१ | पशु विकास अधिकृत | कृषि, ला.पो.डे.डे. | १ |
| १२ | १२।०८०–८१ | पशु चिकित्सक | कृषि, भेटेरीनरी | २ |
| १३ | १३।०८०–८१ | अधिकृत | प्रशासन, सा.प्र. | २० |
| १४ | १४।०८०–८१ | लेखा अधिकृत | प्रशासन, लेखा | ६ |
| १५ | १५।०८०–८१ | सहायक वन अधिकृत | वन, जनरल फरेस्ट्री | १८ |
| १६ | १६।०८०–८१ | महिला विकास अधिकृत | विविध | १ |